**"राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महिला समस्या तथा समाधानका प्रायस" विषयक अन्तक्रिर्या कार्यक्रम सम्पन्नः**



---

**चितवनः**

मंसिर १७ गते २०७६, मंगलवार, तदनुसार २०१९ डिसेम्वर ३ तारेखका दिन लैङ्गकि हिंसा अन्त्यको १६ दिने अभियान अन्तर्गत आदर्श गृह नेपाल, अन्तर्राष्ट्रिय महिला मंच-अन्तर्राष्ट्रिय समन्वय समिति, गैर आवसिय नेपाली संघ तथा सामुदायिक सेवा केन्द्र नारायणगढको संयुक्त आयोजनामा "**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महिला समस्या तथा समाधानका प्रायस**" विषयक अन्तक्रिर्या कार्यक्रम कुशल तथा भब्यताका साथ सम्पन्न भयो ।

प्रदेश नम्बर तिनकि प्रदेश सभासद माननीय सांसद श्री रिना गुरुङज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा जिल्ला समन्वय समितिका उप-प्रमुख- श्री मुना कुमारी श्रेष्ठज्यू; भरतपुर महानगर पालिका सामाजिक माहासाखा प्रमुख महिला विकास अधिकृत - श्री शान्ता कुमारी पौडेलज्यू; जिल्ला प्रहरी कार्यलय, महिला तथा बालबालिका सेवा केन्द्रका प्रमुख प्रहरी निरीक्षक- प्रविना श्रेष्ठज्यू; वडा नं ३ का का. मु. अध्यक्ष -भारत लामिछानेज्यू; श्री वडा प्रहरी कार्यलय प्रहरी निरीक्षक - श्री रविन बाबु रेग्मीज्यू; आदर्श नारी विकास केन्द्रकी अध्यक्ष, सरिता के. सी.ज्यू; पत्रकार महासंघ उपाध्यक्ष, श्री शान्ता अधिकारीज्यू; नारी उत्थान केन्द्रकी पूर्व अध्यक्ष, श्री दुर्गा लक्ष्मी श्रेष्ठज्यू; यौनजन्य साझा अभियानकी सह- संयोजक, श्री संगीता भट्टराईज्यू; माइती नेपाल चितवनका संयोजक, श्री ईश्वर गिरीज्यू; उ.वा. संघ महिला सेल चितवनकी भू पू अध्यक्ष, लक्ष्मी रिमाल पौडेल ज्यू; मन्जुश्री संरक्षण केन्द्रकि अध्यक्ष, मन्जु खाड; लायन्स क्लब मर्सीका पुर्व अध्यक्ष श्री लक्ष्मी पन्तज्यू; गैर आवासीय नेपाली संघ केन्द्रिय सदस्य तथा चितवन समाज अस्ट्रेलियाका अध्यक्ष- श्री छबि सापकोटाज्यू; अन्य स्थानीय सामाजिक संस्थाहरूका अध्यक्ष तथा प्रतिनिधिहरू, न्युज 24 तथा कालिका रेडियो एवं टेलीभीजनका प्रतिनिधि, साथै समाजका अग्रजहरू, अभियन्ताहरू लगायत सुरक्षाकर्मीहरूको वाक्लो उपस्थिति रहेको थियो ।

कार्यक्रममा "**यौन हिंसाको प्रतिकार गरौं**" "**लैङ्गगिक हिंसाको प्रतिकार गरौं**", र "**घरेलु हिंसाको प्रतिकार गरौं** " भन्ने नारालाई १६ दिने लैङ्गगिक हिंसाको अन्त्य दिवसका अवसरमा ऐकवद्दता जनाउन प्रमुख अतिथि तथा आयोजक सस्थाका संयोजकहरूवाट "**ऐकवद्दता हस्ताक्षर ब्यानर**" मा सयुक्त हस्ताक्षर गरिएको थियो र उपस्थिति सबैले हस्ताक्षर गरि ऐकवद्दता जनाएका थिए । यस गरिमामय कार्यक्रमको उदेश्य प्रकास पर्दै, कार्यक्रम सयोजक तथा गैरआवासीय नेपाली संघ, महिला अन्तरास्ट्रिय मंच, ओसेनिया क्षेत्रकी महिला संयोजक, जानकी रिमाल पौडेलले गैरआवासीय नेपाली संघको बिश्वभरि छरिएर रहेका नेपालीहरूलाई समेट्न विश्वलाई ६ वटा क्षेत्रमा बिभाजन गरिएको र प्रत्येक क्षेत्रमा त्यहाँका सँयोजक तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय परिषद, महिला तथा युवा समितिहरू मिलेर नै "***नेपालीका लागि नेपाली***" ***"For Nepali By Nepali"*** भन्ने मूल धारमा रही काम गरिरहेको कुरा प्रष्ट पार्नु भयो । उहाँले प्रत्ये क्षेत्रमा भए घटेका समस्याहरूलाई बुंदागत उल्लेख गर्दै समाधानका प्रयासहरूलाई समेत उद्घृत गर्नुभयो । उहाँले अफ्रीका तथा मध्यपूर्बी क्षेत्रहरुमा मानब बेचबिखनको बिगबिगि र अस्ट्रेलियामा यौनजन्य हिंसा तथा घरेलु हिंसाका घटनाहरूले परदेशमा रहेका नेपाली समाज समेत दुखित रहेको बताउनुभयो साथै गैरआवासीय नेपाली संघका सक्रिय महिला तथा समाजसेवीहरूले समाधानकालागि प्रयास गरेका केहि उदाहरणहरू समेत प्रस्तुत गर्नुभएको थियो । कार्यक्रम संयोजक श्रीमती पौडेलले रास्ट्रिय तथा अन्तरास्ट्रिय महिला मंचले महिला श-सक्तिकरणका लागि स्वदेश तथा विदेशमा समेत बेरोजगारि तथा निम्न आय भएका महिलाहरूका जीवनोस्तर उकास्नका लागि विविध प्रकारका तालिम समेत दिएको, मानसिक तानाव, घरेलु हिंसा का वारेमा जनचेतना कार्यक्रम गर्ने गरेको र महिलाका पाठेघर खस्ने समस्या तथा नाक कान घटी सम्बन्धित नि:शुल्क स्वस्थ सेवा प्रदान गरेको बताउनु भयो । त्यसरी नै उहाँले "**एक यूरो**" प्रोजेक्ट अत्यन्तै दिगो भएकाले नेपालमा समेत "एक रुपैया" प्रोजेक्ट संचालनमा ल्याउन, सयुक्त रुपमा अनेकन हिंसाहरू तथा मानब बेचबिखन विरुद्ध ऐकवद्दता जनाउनका लागि संयुक्त कार्यक्रम गर्नसके प्रभावकारी हुने हुनाले आगामी दिनमा त्यसरी नै काम गर्नुपर्ने बिषयमा जोड दिनु भयो ।




कार्यक्रममा बिशिष्ट पाहुनाहरूले आ-आफ्ना विचार व्यक्त गर्नु भएको थियो l महिला बिकाश अधिकृत शान्ता कुमारी पौडेलले बलवानले कमजोर माथि सधैँ हिंसा गर्दैरहने हुनाले सुन्य ***शहनशिलता "Zero Tolerance"*** को बिकाश आफै भित्र गर्नु पर्ने कुरामा जोड दिनु भयो । कार्यक्रम कि अर्की वक्ता, सरिता श्रेष्ठ र भरत लामिछानेले हिंसा बिरुद्धका आवाजलाई सबै ठाउँमा पुर्याउनु पर्ने बताउनु भयो । उक्त अवसरमा महिला प्रहरी निरिक्षक, प्रमिला श्रेष्ठले हिंसाका तथ्याक प्रस्तुत गर्नु भयो । यसैगरि उहाँले भगवान खोज्न

जति कष्ट हुन्छ  त्यसरी नै हिंसाको अन्त्य गर्नको लागि कठिन कामगर्न जरुरि भएको र इमान्दारका साथ सबैले मिहेनत गर्नुपर्ने बताउनु भयो l कार्यक्रमको अन्त्यमा माननीय रिना गुरुङ्गले संसद मा 33% महिलाको कानुनले ब्यबस्था गरे तापनि महिला आरक्षण आरक्षण जस्तो मात्र भएको र अझै पनि पुरुषका हुलमा भएको एक दुइ महिलाहरू माथि नै औला उठाउने  हाम्रो पितृ सत्तामक समाज लाई तेसो नगर्न आग्रह गर्नु भयो ।

उक्त कार्यक्रमको अध्क्षता, सामुदायिक सेवा केन्द्र तथा आदर्श गृहकि अध्यक्ष  मीना खरेलले गर्नु भएको थियो भने  संयोजन, जेसीसका अर्जुन अधिकारीले गर्नु भएको थियो l गैर आवासीय नेपाली संघ, ओसेनिया क्षेत्रकि महिला संयोजक जानकी रिमाल पौडेलले अन्तर्राष्ट्रिय महिला मंच-अन्तर्राष्ट्रिय समन्वय समिति, गैर आवसिय नेपाली संघको तर्फवाट कार्यक्रम आयोजना गर्नु भएको थियो । कार्यक्रमकि अर्की अयोजाक तथा  सभाध्याक्ष मीना खरेलले लैङ्गकि हिंसाको इतिहासलाई कोट्याउदै आज सम्म पनि हाम्रो समाजमा हिंसाको अन्त्य नभएकाले  सम्युक्तरुपमा लैङ्गकि हिंसाको विरुद्‌ध काम गर्नु पर्ने बिषयमा जोड दिदै कार्यक्रम समापन गर्नु भएको थियो । समग्रमा कार्यक्रम अत्यन्तै लाभदायिक समसामयिक हुनुका साथै सकुशलताका साथ सम्पन्न भएको थियो ।



अन्तमा, गैरआवासीय नेपाली संघ, महिला मंच कि पूर्व संयोजक इम्प्रेश सिंहले धन्यवाद ज्ञापन गर्नुभएको थियो l कार्यक्रमको धारणा अंकित समस्या तथा समाधानका बुँदाहरु, केहि तस्बिरहरु र उपस्थितिलाई यहाँहरुको जानकारीकालागि तल समाबेश गरिएकोछ ।

यहाँहरुले प्रदान गर्नु भयको सहायोग का लागि बिशेष धन्यवात प्रकट गर्दै सल्लाह र सुझावका अपेक्ष्या सहित ।

उपस्थिति :

सहभागी- ४१ जना

मिडिया-५ जना

कार्यक्रम संयोजकहरु:

१. जानकी रिमाल पौडेल, महिला संयोजक, ओसेनिया क्षेत्र, अन्तराष्ट्रिय महिला मंच, गैरआवासीय नेपाली संघ
२. मिना खरेल, अध्यक्ष, आदर्श गृह नेपाल र सामुदायिक सेवा केन्द्र, नारायणगढ
३. ईम्पेक्स सिंह, भू.पु. महिला संयोजक, जर्मनी

कार्यक्रम आयोजक संस्थाहरु:

१. अन्तराष्ट्रिय महिला मंच, गैरआवासीय नेपाली संघ
२. आदर्श गृह नेपाल
३. सामुदायिक सेवा केन्द्र, नारायणगढ

खर्च:

फ्लेक्स- ३००+३५०+१२५= ७७५

स्टेशनरी-१३०+२००= ३३०

खाजा-२,७५०= २,७००

जम्मा=३,८०५

जानकी रिमाल पौडेल
क्षेत्रीय महिला संयोजक ओसेनिया
गैरआवासी नेपाली संघ ।